नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

## सिद्धार्थनगर शाखा

## नेपाल बैंक लिमिटेड, सिद्धार्थनगर शाखा अन्तर्गत भैरहवा बहुमुखी क्याम्पस परिसरमा एक्स्टेन्सन काउन्टर स्थापनाको लागि सिभिल र AC, CCTV सहितको इलेक्ट्रिकल तथा नेटवर्किङ्ग कार्य गर्नको लागी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७६/०४/२३)**

रुपन्देही जिल्ला स्थित नेपाल बैंक लिमिटेड, सिद्धार्थनगर शाखा अन्तर्गत भैरहवा बहुमुखी क्याम्पस परिसरमा एक्स्टेन्सन काउन्टर स्थापनाको लागि उक्त स्थानमा काउन्टर, आल्मुनियम पर्टिशन, फल्ससिलिङ्ग, प्लास्टर पुटिङ्ग लगाई बाहिरी र भित्री रङ्गरोगन कार्य लगागतका सिभिल र AC, CCTV सहितको ईलेक्ट्रिकल तथा नेटवर्किङ्ग कार्य गर्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र फाराम खरिद गरी १६ औं दिनको ११:०० बजे भित्र पेश गर्न सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । यस बैंकको सिद्धार्थनगर शाखाबाट रु.१,०००/- (पछि फिर्ता नहुने गरि) जम्मा गरी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ । सो सम्वन्धि शर्त तथा कार्य विवरण दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, सिद्धार्थनगर शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**

१) दरभाउपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परीमाणको विवरण (BOQ) मा दर रेट खुलाइ, न्युनतम रु. ३०,०००/-(अक्षरेपी तिस हजार मात्र।) धरौटी वापत यस बैंकको सिद्धार्थनगर शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको दरभाउपत्र बुझाउने अन्तिम मितिले कम्तीमा ७५ दिन म्याद भएको अन्य "क"वर्गको अन्य बाणिज्य बैंकबाट जारी भएको विड बण्ड ग्यारेन्टी दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र बुझाउने अन्तीम मितिले ४५ दिनको हुनेछ ।

२) दरभाउपत्रदाता निर्माण व्यवसायीले दरभाउपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, आ.व.२०७४/७५ को कर चुक्ता प्रमाणपत्र र निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र, कालो सूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

३) दरभाउपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको दरभाउपत्र फाराम नै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । दरभाउपत्र फारामको प्रत्येक पुछारमा दरभाउपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्य सम्झौता भएको मितिले २८ दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ ।

५) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण फारममा उल्लेख भए वमोजिम हुनेछ ।

दरभाउपत्र फाराम प्राप्त गर्ने स्थान :- ने.बै.लि. सिद्धार्थनगर शाखा ।
दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति :- २०७६/०५/०५ गते बिहिबार कार्यालय समय भित्र ।
दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७६/०५/०६ गते शुक्रबार बिहान ११:०० बजे भित्र ।
दरभाउपत्र दाखिला गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, सिद्धार्थनगर शाखा ।
दरभाउपत्र खोल्ने मिति र स्थान :- २०७६/०५/०६ गते शुक्रबार दिउसो १२:३० बजे नेपाल बैंक लिमिटेड, सिद्धार्थनगर शाखा । सो मितिमा विदा पर्न गएमा सो मितिको भोली पल्ट दरभाउपत्र खोलिनेछ ।

बैंकको अनुमानित लागत :-

**सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट समेत कूल जम्मा रकम रु.११,६५,२२१/२२ (अक्षरेपी एघार लाख पैसठ्ठी हजार दुई सय एक्काईस र पैसा बाईस मात्र ।)**